भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

visit nepal 2020 Lifetime Experiences

खाबाङबगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

प.सं. (रोजगार सेवा केन्द्र) २०७६/७७ मितिः २०७६/१२/०५
च.नं. : ११०८

**बिषयः न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने बारेको सूचना ।**

प्रस्तुत विषयमा श्रम तथा रोजगार, सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७६/११/२१ च.नं. ११४ को प्राप्त पत्रानुसार रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७/०७८ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान ईच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र मसान्त सम्म सम्वन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिईएको छ, साथै मापदण्डमा नपरेका र विवरण पूरा नभएका फारामहरु वडा कार्यालयहरुले दर्ता नगर्नुहुन अनुरोध छ ।

**आवश्यक मापदण्डहरुः**

- बेरोजगार नागरिक १८ वर्ष पूरा भई ५९ वर्ष ननाघेको हुनुपर्ने ।
- निवेदन साथ नागरिकताको प्रतिलिपी र फोटो १/१ प्रति ।
- बेरोजगार व्यक्ति सोही वडाको स्थायी वासिन्दा हुनुपर्ने ।
- अन्यत्रबाट बसाईसराई गरेको हकमा बसाईसराई प्रमाणपत्रको प्रतिलिपी समावेश गर्नुपर्ने ।
- नेपाल सरकारले तोकेको वार्षिक न्यूनतम पारिश्रमिक (५१,७००) भन्दा कम वार्षिक आय भएको परिवार पूर्ण विवरण सहित रीतपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको ।
- बेरोजगार फाराम वडा कार्यालमा उपलब्ध गराईने छ ।

..................
(बसन्ती सुबेदी)
रोजगार संयोजक
(शाखा अधिकृत)

..................
(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत